# स्थानीय राजपत्र

## घोराही उपमहानगरपालिका

## लुम्बिनी प्रदेश, घोराही दाङ

### जेरियाट्रिक(ज्येष्ठ नागरिक) स्वास्थ्य उपचार तथा परामर्श कार्यक्रम कार्यबिधि २०७९

प्रस्तावना:

नेपालको संविधान धारा ३५मा प्रत्येक नागरिकलाई राज्यबाट कानूनमा व्यवस्था भए बमोजिम आधारभूत स्वास्थ्य सेवा नि:शुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बन्चित गरिने छैन भनी स्वास्थ्य सेवालाई नागरिकको मौलिक हकभित्र राखेको छ। त्यसैगरी संविधानको धारा ४१मा ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ भनी उल्लेख गरेको छ । ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३को दफा ९मा ज्येष्ठ नागरिकहरुलाई स्वास्थ्य उपचारमा छुट तथा प्राथमिकता दिने विषय उल्लेख छ । संविधानमा उल्लेखित स्वास्थ्य सम्बन्धी मौलिक हक कार्यान्वयन गर्न जारी भएको जनस्वास्थ्य सेवा ऐन, २०७५को दफा ३ मा "कुनै पनि नागरिकलाई स्वास्थ्य सेवावाट वञ्जित गरिने छैन" उपदफा (४) को खण्ड (च) मा ज्येष्ठ नागरिकलाई आधारभूत स्वास्थ्य सेवा नि:शुल्क उपलब्ध गराउने व्यवस्था रहेको छ ।सोही दफा ४७ले लक्षित समूहहरुका लागि विशेष सामाजिक सुरक्षा तथा कार्यक्रमहरु गर्नुपर्ने व्यवस्था गरिएको छ । जनस्वास्थ्य सेवा ऐन, २०७५लाई कार्यान्वयन गर्न बनेको जनस्वास्थ्य सेवा नियमावली, २०७७को नियम ३ र ४मा आधारभूत स्वास्थ्य सेवा र आकस्मिक स्वास्थ्य सेवा नि:शुल्क प्रदान गर्नुपर्ने प्रावधान रहेको साथै आधारभूत र आकष्मिक सेवा भित्र ज्येष्ठ नागरिक स्वास्थ्य सेवा

समेत समावेस भएकाले जनस्वास्थ्य सेवा ऐन, २०७५को दफा ६४ले दिएको अधिकार, स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी घोराही उपमहानगरपालिकामा बसोबास गर्ने ज्येष्ठ नागरिकहरुलाई स्वास्थ्य उपचार तथा परामर्श गर्न यो कार्य विधि जारी गरेको छ । यो कार्यविधि घोराही उपमहानगरपालिका क्षेत्र भर लागु हुने छ ।

## परिच्छेद-१

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ:(१)यो कार्यबिधीको नाम "जेरियाट्रिक(ज्येष्ठ नागरिक)स्वास्थ्य उपचार तथा परामर्श कार्यविधि २०७९"रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुने छ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

क) "स्वास्थ्य संस्था" भन्नाले घोराही उपमहानगरपालिका अन्तरगत संचालनमा रहेका शहरी स्वास्थ्य केन्द्र, शहरी स्वास्थ्य प्रबर्धन केन्द्र ,आधारभुत स्वास्थ्य केन्द्र ,पालिका स्तरीय अस्पताल, संस्थागत परिवार नियोजन ल्किनिक, सामुदायिक अस्पताल सम्झनु पर्दछ ।

ख) "ज्येष्ठ जनागरिक" भन्नाले ७०बर्ष माथि उमेर समुहलाई सम्झनु पर्दछ ।

ग) "चिकित्सक" भन्नाले मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिसिनमा ग्र्याजुयसन गरेको नगरपालिकामा कार्यरत तथा ज्येष्ठ नागरिक उपचार तथा परामर्शमा खटिने चिकित्सकलाई सम्झनु पर्दछ ।

घ) "स्वास्थ्यकर्मी" भन्नाले घोराही उपमहानगरपालिका अन्तरगत स्वास्थ्य संस्थामा कार्यरत नर्सिङ्ग तथा पारामेडिकसलाई सम्झनुपर्दछ ।

ङ) "स्वास्थ्य सेवा" भन्नाले ज्येष्ठ नागरिकका लागि प्रदान गरिने प्रबर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक सेवालाई सम्झनुपर्दछ ।

च) "स्वास्थ्य प्रबर्धन शाखा" भन्नाले घोराही उपमहानगरपालिका अन्तरगतको शाखालाई सम्झनु पर्दछ ।

छ) "ज्येष्ठ नागरिक घरदैलो उपचार तथा परामर्श" भन्नाले घोराही उपमहानगरपालिकामा बसोबास गर्ने ज्येष्ठ नागरिकहरुलाई घर तथा टोलमा गई स्वास्थ्यकर्मी, चिकित्सकहरुबाट गरिने सेवालाई सम्झनुपर्दछ ।

ज) "राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान" भन्नाले घोराही उपमहानगरपालिका अन्तरगत १४ नं. वडामा रहेको विशेषज्ञ चिकित्सा सेवालाई सम्झनुपर्दछ ।

झ) "स्वास्थ्य कार्यालय दाङ्ग" भन्नाले लुम्बिनी प्रदेश अन्तरगतको स्वास्थ्य कार्यालयलाई सम्झनुपर्दछ ।

ञ) "अनुगमन समिति" भन्नाले ज्येष्ठ नागरिक घरदैलो उपचार सेवा कार्यक्रम प्रभावकारी रुपमा संचालन भए नभएको अनुगमन गर्ने समितिलाई सम्झनुपर्दछ ।

३. उद्धेश्य: ज्येष्ठ नागरिकहरु शारीरिक, मानसिक, पारिवारिक तथा सामाजिक रुपमा कमजोर अवस्थामा हुने भएकोले ज्येष्ठ नागरिकहरुलाई घरमै गई उपचार परामर्श फलोअप गरि सुविधाजनक रुपमा जीवनयापन गरि दिर्घायु गराउनु हो ।

क) ज्येष्ठ नागरिकहरुको तथ्यांक अपडेट गर्न ।

ख) ज्येष्ठ नागरिकहरुको अबस्था वर्गिकरण गरि थप उपचार तथा सेवामा प्रभावकारीता ल्याउन ।

ग) ज्येष्ठ नागरिकहरु सबैलाई स्वास्थ्य विमामा आबद्ध गराउन प्रोत्साहन गरि सबैलाई अनिबार्य स्वास्थ्य विमाको दायरामा ल्याउन।

घ) ज्येष्ठ नागरिकहरुप्रति परिवार तथा समाजलाई उत्तरदायी बनाउन परामर्श सेवा प्रदान गर्न ।

४. कार्यक्रम बिस्तार योजना: घोराही उपमहानगरपमलिकाको सबै वडामा संचालनमा रहेको स्वास्थ्य संस्था मार्फत सेवा प्रदान गरिनेछ कार्यक्रमको प्रभावकारिताको आधारमा थप सेवा विस्तार गरिने छ ।

## परिच्छेद-२

५. कार्यक्रम संचालन विधिः ज्येष्ठ नागरिक स्वास्थ्य सेवालाई ज्येष्ठ नागरिक मैत्री स्वास्थ्य सेवा सञ्चालन गर्न तपसिल बमोजिमको व्यवस्था गरिनेछ ।

(क) ज्येष्ठ नागरिक घरदैलो उपचार तथा परामर्श सेवा।

(ख) ज्येष्ठ नागरिक दिवा स्वास्थ्य सेवा ।

(ग) ज्येष्ठ नागरिक बृद्धाश्रम स्वास्थ्य सेवा ।

(घ) ज्येष्ठ नागरिक विशेषज्ञ स्वास्थ्य शिबिर ।

६. सेवा संचालन प्रकृयाः ज्येष्ठ नागरिक स्वास्थ्य सेवालाई तपसिलको प्रकृया अनुसार गरिने छ ।

(१) ज्येष्ठ नागरिक घरदैलो उपचार तथा परामर्श सेवाः ज्येष्ठ नागरिकहरु शारिरीक रुपमा दुर्बल तथा आर्थिक रुपमा पनि विपन्न हुन्छन र आफुलाई समस्या परेको अवस्थामा स्वास्थ्य संस्थामा जान कठिनाई हुने भई स्वास्थ्य समस्या भई घरमै बस्न बाध्य हुने भएकोले समयमै उपचार नपाउदा थप जटिलता उन्मुख हुने भएको हुदा थप जटिलता न्युनिकरण गर्न दफा ५को क बमोजिम ज्येष्ठ नागरिक घरदैलो उपचार तथा परामर्श सेवा प्रदान गर्न तपसिल बमोजिम गरिने छ ।

(क) ज्येष्ठ नागरिक घरदैलो कार्यक्रम सबै वडामा यो कार्यक्रम लागु गरिने छ ।

(ख) ज्येष्ठ नागरिक घरदैलो कार्यक्रम संचालन गर्न सम्बन्धित वडामा रहेको स्वास्थ्यकर्मी तथा चिकित्सकहरुलाई परिचालन गरिने छ ।

ग) ज्येष्ठ नागरिक घरदैलो कार्यक्रम सहज सेवा प्रदान गर्न एकरुपतामा ल्याउन प्रत्येक महिनाको २१गते देखी २५ गते सम्म गरिने छ । सार्वजनिक विदा वा चाडपर्व भएमा समय थपघट हुन सक्ने छ ।

घ) ज्येष्ठ नागरिक घरदैलो कार्यक्रममा खटिने स्वास्थ्यकर्मीहरुमा सबै वडामा एकपटकमा २ जना खटाईने छ ।

ङ) ज्येष्ठ नागरिक घरदैलो कार्यक्रम लुम्बिनि प्रदेशबाट बजेट सहित स्थानीय तहमा कार्यक्रम संचालनमा आएकोले एकरुपता कायम गरिने छ ।

च) ज्येष्ठ नागरिक घरदैलो कार्यक्रममा एक चौमासिकमा कम्तिमा एक पटक घरभेट गरिने छ ।

छ) ज्येष्ठ नागरिक घरदैलो कार्यक्रममा खटिने स्वास्थ्यकर्मीहरुको लागि प्रदेशबाट प्रति व्यक्ति घरभेटको रु २५० र उपमहानगरपालिकाबाट प्रति दिन रु ३००का दरले यातायातको व्यवस्था गरिने छ ।

ज) ज्येष्ठ नागरिक घरदैलो कार्यक्रममा सबै ज्येष्ठ नागरिकहरुको लगत लिईने छ ।

झ) ज्येष्ठ नागरिक घरदैलो कार्यक्रममा उपचार परामर्शको क्रममा विपन्न विपदमा रहेका ज्येष्ठ नागरिकहरुलाई आवश्यकता अनुसार थप उपचारको लागि ज्येष्ठ नागरिक उपचार केन्द्रमा प्रेषणको लागि पहल गरिनेछ ।

ञ) ज्येष्ठ नागरिक घरभेटमा स्वास्थ्य विमा नगरिएका ज्येष्ठ नागरिकको अनिवार्य विमाको लागि आवश्यक पहल गरि स्वास्थ्य विमाको दायरामा ल्याईनेछ ।

ट) ज्येष्ठ नागरिक घरदैलो कार्यक्रममा ज्येष्ठ नागरिक घरदैलो उपचार किटको व्यवस्था गरिने छ ।

ठ) ज्येष्ठ नागरिक घरदैलो कार्यक्रमलाई सहजताकोलागि ज्येष्ठ नागरिक सामाजिक नक्सांकन गरिनेछ।

ड) ज्येष्ठ नागरिक घरदैलो कार्यक्रमलाई प्रभाबकारि सेवाको लागि संघ प्रदेश तथा पालिकाबाट अनुगमनको व्यवस्था गरिनेछ ।

२) ज्येष्ठ नागरिक दिवा स्वास्थ्य सेवाः ज्येष्ठ नागरिकहरु घरमा एक्लै बस्दा मनमा अनेक कुराहरु खेल्ने भई मानसिक समस्या पैदाहुने भएकोले समस्यालाई न्युनिकरण गर्न दिवा समयमा ज्येष्ठ नागरिकहरुलाई समय व्यतित गर्न दिवा सेवा केन्द्रको स्थापना सबै वडामा क्रमशः गरिने छ ।

(क) ज्येष्ठ नागरिक दिवा सेवा घर सुविधा सम्पन्न घर बनाईने छ जसमा विश्राम कक्ष, शौचालय, स्नानकक्ष, भान्सा कक्ष, मनोरन्जन तथा भिजुवल कक्ष, पार्क, अफिस कोठा, प्राथमिक उपचार तथा स्वास्थ्य परिक्षण कक्ष भ्यानको व्यवस्था ।

(ख) ज्येष्ठ नागरिक दिवा सेवा घरको लागि आबस्यक पर्ने लजिस्टिक सामानहरुको व्यवस्थाको लागि गैर सरकारी संघ संस्था सहयोगी दाताको सहभागितालाई प्राथमिकतामा राखिने छ ।

(ग) ज्येष्ठ नागरिकदिवा खाजाको ब्यबस्था गरिने छ ।

(घ) ज्येष्ठ नागरिकहरुको दिर्घआयुको लागि विभिन्न सकारात्मक कार्यक्रमहरु गरिने छ ।

(ङ) ज्येष्ठ नागरिकहरुको स्वास्थ्य परिक्षण तथा उपचारको ब्यबस्था गरिने छ ।

३) ज्येष्ठ नागरिक बृद्धाश्रम स्वास्थ्य सेवाः बिभिन्न कारणले आफ्नो घर गुमाएकाहरु तथा घरबार बिहिनभएका ज्येष्ठ नागरिकहरुको जीवन रक्षा तथा जीवन ब्यतित गर्नको लागि विभिन्न सहयोगी दाताहरुको सहकार्यमा ज्येष्ठ नागरिक वृद्धाश्रमको व्यवस्था गरिने छ ।

(क) ज्येष्ठ नागरिकहरुको बासस्थानको लागि सुविधा सम्पन्न वृद्धाश्रमको भवन बनाईने छ ।

(ख) ज्येष्ठ नागरिकहरुको आवास घर सुविधा सम्पन्न घर बनाईने छ जसमा विश्राम कक्ष, शौचालय, स्नानकक्ष, भान्सा कक्ष, मनोरन्जन तथा भिजुवल कक्ष, पार्क, अफिस कोठा, प्राथमिक उपचार तथा स्वास्थ्य परिक्षण कक्ष भ्यानको व्यवस्था गरिनेछ ।

(ग) परिवारसँग विच्छेद भएका ज्येष्ठ नागरिकहरूलाई परिवार सँग पुनर्मिलनको वातावरण श्रृजना गरि आफ्नो घरमा जान तथा बस्न प्रयास गरिनेछ ।

(घ) ज्येष्ठ नागरिकहरुको स्वास्थ्य करको लागि योगाहल बनाई योग अभ्यास गरिने छ ।

(ङ) ज्येष्ठ नागरिकहरुको स्वास्थ्यकरको लागि सहयोगी दाताहरुको समन्वयात्मक रुपबाट व्यवस्थापन गरिने छ ।

(च) ज्येष्ठ नागरिकहरुको स्वास्थ्य परिक्षण तथा उपचार परामर्श तथा पुनर्स्थापना को समुचित व्यवस्था गरिने छ ।

४) ज्येष्ठ नागरिक बिशेषज्ञ स्वास्थ्य शिबिरः ज्येष्ठ नागरिकहरु शारिरीकरुपमा स्वास्थ्य जटिलताहरु पटक पटक भई रहने तथा लामो समय नियमित चेकअप तथा फलोअप गरिरहनु पर्ने भएकोले उक्त सेवा लिन कठिनाई हुने भएकोले पायक पर्ने स्थानमा बार्षिकरुपमा तथा आबस्यकता अनुसार विशेषज्ञ शिविर संचालन गरि घरदैलो मै विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध गराईने छ ।

(क) ज्येष्ठ नागरिक विशेषज्ञ स्वास्थ्य शिविर संचालन गर्न रोगको पहिचान गरि सम्बन्धित रोगको विशेषज्ञ सेवा उपलब्ध गराईने छ ।

(ख) ज्येष्ठ नागरिक विशेषज्ञ स्वास्थ्य शिबिरको लागि आवश्यक पर्ने औषधिहरु निःशुल्क रुपमा उपलब्ध गराईने छ ।

(ग) ज्येष्ठ नागरिक बिशेषज्ञ स्वास्थ्य शिविर उपयुक्त स्थानमा गरिने छ ।जटिल खालको बिरामीहरुलाई जिरायटिक अस्पताल रासि स्वास्थ्य विज्ञान प्रतिष्ठानमा प्रेषणको व्यवस्था मिलाईने छ ।

७. सेवा शुल्कमा छुटः ज्येष्ठ नागरिकहरु कमाउने उमेर नभएकोले आर्थिक अभाव हुन गई उपचारमा कठिनाई हुने भएकोले ज्येष्ठ नागरिक उपचारको लागि पुर्ण तथा आंशिक रुपमा निःशुल्क उपचारको व्यवस्था गरिने छ ।

क) ६० बर्षदेखि माथिका ज्येष्ठ नागरिकहरुलाई अस्पताल व्यवस्थापनबाट तोकिए बमोजिमका निश्चित स्वास्थ्य सेवामा ५०%छुट दिन पहल गरिने छ ।

ख) ७० बर्ष भन्दा माथिका ज्येष्ठ नागरिकको स्वास्थ्य विमा गरेको भएमा सोही विमा रकमबाट उपचारको व्यवस्था मिलाईने छ । विमा रकम नपुग भएको अवस्थामा ज्येष्ठ नागरिक उपचार कार्यक्रम तथा सामाजिक ईकाईबाट वा अन्य श्रोतबाट सेवा प्रदान गर्न अस्पताल सँग समन्वय गरिने छ ।

८. वित्तीय स्रोतको व्यवस्थाः ज्येष्ठ नागरिकको दिगो स्वास्थ्य सेवाको लागि वित्तीय स्रोतको सुनिश्चित गरिने छ ।

क) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र प्रदेश स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्राप्त अनुदान रकमलाई समुचित प्रयोगमा ल्याईने छ ।

ख) ज्येष्ठ नागरिकको दिगो स्वास्थ्य सेवाको लागि आवश्यकता पहिचानको आधारमा यस घोराही उपमहानगरपालिकाले आवश्यक बजेट विनियोजन गर्नेछ ।

ग) ज्येष्ठ नागरिकको दिगो स्वास्थ्य सेवाको लागि गैर सरकारी संघ संस्था तथा दाताहरुलाई श्रोतको लागि समन्वयात्मक भुमिका खेलिने छ ।

९. मानव स्रोतको ब्यबस्थापनः ज्येष्ठ नागरिकमैत्री स्वास्थ्य सेवा प्रदान गर्न मानव स्रोतको सक्षम जनशक्तिको लागि सुनिश्चितता गरिने छ ।

क) ज्येष्ठ नागरिकमैत्री स्वास्थ्यसेवा प्रदान गर्न चिकित्सक स्वास्थ्यकर्मिहरुलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पहलमा जेरियाट्रिक आधारभुत तालिम दिईने छ ।

ख) जेरियाट्रिक(ज्येष्ठ नागरिक) सेवा प्रवाह गर्नको लागि प्रदेश तथा संघ स्थित स्वास्थ्य तथा जनसंख्या मन्त्रालय संग समन्वय गरि प्रोटोकल अनुसार पाठ्यक्रम निर्माणको लागि पहल गरिने छ ।

## परिच्छेद-४

१०. अभिलेखीकरण प्रतिवेदन व्यवस्थाः ज्येष्ठ नागरिकमैत्री स्वास्थ्यसेवा लाई ब्यबस्थित गर्न प्रदान गरिएका सेवाहरुलाई अनुसूचिमा उल्लेख भए बमोजिमको फर्म तथा रजिष्टरहरु प्रयोगमा ल्याईने छ ।सम्पुर्ण सेवाहरुलाई अभिलेखिकरण गरिने छ । परिच्छेद-४

१०.अभिलेखीकरण प्रतिबेदन ब्यबस्था:ज्येष्ठ नागरिकमैत्री स्वास्थ्यसेवा लाई ब्यबस्थित गर्न प्रदान गरिएका सेवाहरुलाई अनुसूचिमा उल्लेख भए बमोजिमको फर्म तथा रजिष्टरहरु प्रयोगमा ल्याईने छ ।सम्पुर्ण सेवाहरुलाई अभिलेखिकरण गरिने छ ।

## अनुसूचि-१

## ज्येष्ठ नागरिक घरदैलो उपचार सेवा रजिष्टर

### ७०बर्ष उमेर पुरा गरेका ज्येष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवा उपचार तथा परामर्श

| क्र.स. | मुल दर्ता नं. | मिति ग.म.सा. | OPD दर्ता नं. | | सेवाग्राहीको नाम थर | जाती कोड | उमेर | | ठेगाना( पालिका, वडा ,टोल) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | नयाँ | पुरानो | | | महिला | पुरुष | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
| | | | | | | | | | |

| फोन नं. | संभावित क्षयरोग (हो/ होईन) | अनुसन्धान मुल परिक्षण | संभावित परिक्षण (Provisional Diagnosis) | ICD Code | उपचार/परामर्श | Surgical procedure( day care surgery) | लैङ्गिक हिंसा | निशुल्क सेवा कोड | उपचार गराएको अस्पताल | स्वास्थ्यकर्मि /चिकित्सकको नाम पद र दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ |
| | | | | | | | | | | |

## अनुसूची-२

### ज्येष्ठ नागरिक घरदैलो उपचार तथा परामर्श सेवा कार्ड

### ७०बर्ष उमेर पुरा गरेका ज्येष्ठ नागरिक घरदैलो उपचार तथा परामर्श स्वास्थ्य सेवा कार्ड

## घोराही उपमहानगरपालिका

## जन स्वास्थ्य प्रवर्धन शाखा

**कार्ड नं............**

**ज्येष्ठ नागरिकको नाम थरः......................................जन्म**

**मितीः....................................उमेरः.........लिङ्गः.................जातीकोडः................**

**ठेगानाःघोराही उपमहानगरपालिका ..................वडा नं ....................टोल फोन**

नः.......................................

| मिति / गमसा | निदान | उपचार परामर्श | चिकित्सक/स्वास्थ्यकर्मिको नाम र दस्तखत |
|---|---|---|---|
| १ | २ | ३ | ४ |
| | | | |

## अनुसूची-३

ज्येष्ठ नागरिक घरदैलो उपचार तथा परामर्श सेवाको प्रतिबेदन HMIS 9.3को पेज नं.१ र पेज नं.२०को फर्मलाई प्रयोगमा ल्याईने छ।

**आज्ञाले**
**लक्ष्मी प्रसाद भट्टराई**
**प्रमुख प्रशासकीय अधिकृत**